बैठक संख्या : ४३

आज मिति २०७६ साल श्रावण ३२ गते शनिवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा ८ अध्यक्ष | — | |
| ११. | श्री विष्णु वि.क. | वडा ९ अध्यक्ष | — | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा १० अध्यक्ष | — | |
| १३. | श्री जित बहादुर मल्ल | वडा ११ अध्यक्ष | — | |
| १४. | श्री लाल बहादुर खत्री | वडा १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र बहादुर शाही | वडा १३ अध्यक्ष | — | |
| १६. | श्री राममाया हमाल | नगर कार्यपालिका सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर कार्यपालिका सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर कार्यपालिका सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर कार्यपालिका सदस्य | — | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर कार्यपालिका सदस्य | — | |
| २१. | श्री काशिराम घर्ति | नगर कार्यपालिका सदस्य | | |
| २२. | श्री तिले बादी | नगर कार्यपालिका सदस्य | — | |
| २३. | श्री नर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |
| २५. | | | | |

<u>मिति : २०७६।०४।३२ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय</u>

## प्रस्तावहरु

१. आन्तरिक लेखापरीक्षण सम्वन्धमा ।

२. उपभोक्ता समिति गठन तथा दर्ता सम्वन्धमा ।

३. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रमको योजना संसोधन सम्वन्धमा ।

४. मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधिको मस्यौदा तयारीको लागि स्वीकृत दिने सम्वन्धमा ।

५. पुरस्कार सिफारिस समिति गठन सम्वन्धमा ।

६. नलगाड नगर शिक्षा ऐन, २०७६ नगर सभामा पेश गर्नको लागि स्वीकृत सम्वन्धमा ।

७. वाल संरक्षण नीति २०७६ को मस्यौदा तयारीको लागि स्वीकृत सम्वन्धमा ।

८. प्रदेश सरकार समक्ष पठाउने योजनाहरुको छनौट सम्वन्धमा ।

९. जिन्सी सामानहरु मिन्हा गर्ने सम्वन्धमा ।

१०. महिनाको उत्कृष्ट वडा समिति र कर्मचारी छनौट गर्ने सम्वन्धमा ।

११. दररेट लागु गर्ने सम्वन्धमा ।

१२. योजनाहरु कार्यान्वयन गर्ने विधि छनौट सम्वन्धमा ।

१३. नगर प्रहरी गठन तथा सञ्चालनको लागि मस्यौदा समिति गठन सम्वन्धमा ।

१४. सञ्चार खर्च उपलव्ध गराउने सम्वन्धमा ।

## निर्णयहरु

<u>निर्णय नं. १</u> :

नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वार्षिक आय व्ययको आन्तरिक लेखापरीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा (२) बमोजिम हुने गरि कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटबाट गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. २</u> :

नलगाड नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने (सशर्त अनुदानका योजनाहरु वाहेक) योजनाहरुलाई व्यवस्थित, प्रभावकारी, जनसहभागितामुलक तथा दिगो बनाउन सिचाई, खानेपानी, जलविद्युत तथा सार्वजनिक भवनका रु. ६,००,०००।० अक्षरुपी छ लाख भन्दा बढी लागत अनुमान ( अनुदान सहित) भएका योजनाहरु नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम विधान सहित दर्ता गरेर मात्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३ :

नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन गर्नको लागि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको बजेट र यस नलगाड नगरपालिकाको म्याचिंगबाट मिति २०७६।०४।०८ गतेको नगर कार्यपालिकाको वैठकबाट लामतारा देखि रग्दा तटवन्धन निर्माण योजनाको लागि रकम विनियोजन गरेकोमा उक्त योजना आर्थिक तथा प्राविधिक दृष्टिकोणले निर्माण सम्पन्न गर्न नसक्ने भएकोले उक्त आयोजना संसोधन गरि जुरेली खानेपानी निर्माणको लागि बजेट विनियोजन गरि तपशिल बमोजिम योजनाहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | योजना स्थल | नगरपालिका | जलवायु कार्यक्रम | जम्मा रु |
|---|---|---|---|---|---|
| १. | भैसीखोर मुहान भई सिमखेत रानीखेत सिचाई योजना निर्माण | वडा ४ र ५ | ४००००० | ३१००००० | ३५००००० |
| २. | मन्मै तटवन्धन (रंगशाला नजिक) निर्माण योजना | वडा नं. ८ | ५००००० | ३०००००० | ३५००००० |
| ३. | जुरेली खानेपानी आयोजना निर्माण | वडा नं. १ | ८००००० | १८००००० | २६००००० |
| ४. | तल्लुवगर र सिउनको पुल तटवन्धन निर्माण योजना | वडा १२ र १३ | ६००००० | २४००००० | ३०००००० |
| ५. | सांटा देखि गराग्ली तटवन्धन निर्माण योजना | वडा नं. ३ र ६ | ० | १७००००० | १७००००० |
| | जम्मा रु. | | २३००००० | १२०००००० | १४३००००० |

निर्णय नं. ४ :

नलगाड नगरपालिकाको पाँचौ नगर सभाको निर्णय नं. १६ (मदिरा नियन्त्रण तथा व्यवस्थापन) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि बनाउन स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

नलगाड नगरपालिकामा प्रत्येक वर्ष उत्कृष्ट कार्यसम्पादन गर्ने वडा समिति, पदाधिकारी तथा कर्मचारी (विभिन्न क्षेत्रमा) सुचकहरुका आधारमा सिफारिस गर्न नगर प्रमुखको संयोजकत्वमा, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने गरि ३ सदस्यीय पुरस्कार सिफारिस समिति गठन गर्ने र

विभिन्न सूचकहरुको आधारमा सिफारिस हुने उत्कृष्ट वडा समिति तथा कर्मचारीलाई तपशिल बमोजिम सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | पुरस्कृत हुने विधा | सम्मान | कैफियत |
|---|---|---|---|
| १. | नलगाड उत्कृष्ट वडा समिति | कदरपत्र सहित रु १०००० | |
| २. | नलगाड उत्कृष्ट पदाधिकारी १ जना | कदरपत्र सहित रु ५००० | |
| ३. | नलगाड सर्वोत्कृष्ट कर्मचारी १ जना | कदरपत्र सहित रु ८००० | |
| ४. | नलगाड उत्कृष्ट कर्मचारी ४ जना | कदरपत्र सहित रु ५००० | |
| ५. | नलगाड उत्कृष्ट श्रेणीविहिन कर्मचारी १ जना | कदरपत्र सहित रु ५००० | |

निर्णय नं. ६ :

यस नलगाड नगरपालिका भित्रका वालवालिकाहरुको हक अधिकारको संरक्षण तथा सर्म्वद्धन गर्न, वालकेन्द्रित क्रियाकलापहरु सञ्चालनमा सहज तथा प्रभावकारी बनाउन नलगाड नगरपालिकाको वाल संरक्षण नीति २०७६ को बनाउन स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७ :

नलगाड नगरपालिकाको शिक्षा क्षेत्रलाई गुणस्तरिय, प्रभावकारी तथा व्यवस्थित गराउन नलगाड शिक्षा ऐन, २०७६ नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८ :

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्रानुसार आर्थिक वर्ष २०७६।७७ मा विशेष अनुदान वापत रकम विनियोजनका लागि यस नगरपालिकाबाट माग भई आएका तपशिल बमोजिमका योजनाहरु छनौट गरि पठाउने सर्वसम्मत निर्णय गरियो ।

- जनता प्रा.वि. पिपलचौर भवन निर्माण योजना, नलगाड नगरपालिका वडा नं. ४ जाजरकोट ।
- शहिद स्मृति भवन निर्माण योजना, नलगाड नगरपालिका वडा नं. ५ जाजरकोट ।
- लिफ्ट सिचाई आयोजना निर्माण, नलगाड नगरपालिका वडा नं. १० जाजरकोट ।

निर्णय नं. ९

मिति २०७६।०२।२८ गते नलगाड नगरपालिका वडा नं. १० को वडा कार्यालयमा अज्ञात व्यक्तिहरुको समुहले राति वडा कार्यालयमा रहेका विभिन्न कागजातहरु तथा सामानहरुमा आगजनी गरि तपशिल बमोजिमका कार्यालयका सामानहरु र कागजात नष्ट भएकोले उक्त सामानहरु खर्च भएर नजाने जिन्सि खाताबाट हटाई जिन्सी मिनाहा गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | सामानहरुको विवरण | थान | अन्दाजी मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | प्लाष्टिकको कुर्ची | २५ वटा | २५००० | |
| २. | सोफासेट | १ सेट | ३०५०० | |
| ३. | रिभल्विङ कुर्ची | ४ वटा | ४०००० | |
| ४. | सोलार सेट ८०० वाट (प्यानल,व्याट्री, ईर्न्भटर) | १ सेट | २२५००० | |
| ५. | कम्प्युटर सेट I5 ब्रान्डेड | १ थान | ७५००० | |
| ६. | फोटोकपी प्रिन्टर सेट | १ थान | २६००० | |
| ७. | टेवुल | ४ थान | ४०००० | |
| ८. | दराज | ३ सेट | ३६००० | |
| ९. | सोनी क्यामेरा | १ सेट | २०००० | |
| १०. | फोन सेट सिडिएमए | १ सेट | ६००० | |
| ११. | माईक | १ थान | ३००० | |
| १२. | कार्यालयका कागजपत्रहरु | विविध | ५०००० | |

निर्णय नं. १०

नलगाड नगरपालिकाका पदाधिकारी र कर्मचारीको मनोवल उच्च वनाउन, सकारात्मक प्रतिस्प्रर्धा कायम गराउन तथा उत्कृष्ट कार्य सम्पादन गर्ने पदाधिकारी र कर्मचारीलाई प्रोत्साहन गर्न मिति २०७६ भाद्र महिना देखि प्रत्येक महिना उत्कृष्ट कार्यसम्पादन गर्ने वडा समिति (१) र कर्मचारी (१ जना) लाई विभिन्न सुचकहरुका आधारमा महिनाको उत्कृष्ट वडा समिति र महिनाको उत्कृष्ट कर्मचारी छनौट गरि तपशिल बमोजिम सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पुरस्कृत हुने विधा | छनौट गर्ने | सम्मान | कैफियत |
|---|---|---|---|---|
| १ | महिनाको उत्कृष्ट वडा समिति | नगर प्रमुख | कदरपत्र सहित रु १००० | |
| २ | महिनाको उत्कृष्ट कर्मचारी | प्रमुख प्रशासकीय अधिकृत | कदरपत्र सहित रु १००० | |

निर्णय नं. ११

नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको लागि सार्वजनिक खरिद नियमावली, २०६४ (आठौ संसोधन सहित) को नियम १४८ को उपनियम (१) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित दररेट निर्धारण समितिले निर्धारण गरेको जिल्ला दररेटलाई नै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को उपदफा (१) बमोजिम हुने गरि योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

नलगाड नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने (सशर्त अनुदानका योजनाहरु बाहेक) योजनाहरुलाई दिगो तथा प्रभावकारी बनाउन रु. २०,००,०००।० अक्षरुपी वीस लाख भन्दा बढी लागत अनुमान भएका भौतिक पूर्वाधारका योजनाहरु आर्थिक वर्ष २०७६।७७ देखि लागु हुने गरि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) बमोजिम वोलपत्रको माध्यामबाट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १३

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही नलगाड नगरपालिकामा नगर प्रहरी गठन तथा सञ्चालन सम्वन्धी विधेयकको मस्यौदा तयारीको लागि तपशिल बमोजिम **४** सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री सुरेन्द्र सिंह (नि. प्रमुख प्रशासकीय अधिकृत) — संयोजक
- श्री लालमणी जोशी (कार्यालय प्रमुख ई प्र. का. दल्ली). — सदस्य
- श्री नर बहादुर राना (नायव सुव्वा) — सदस्य
- श्री भिम बहादुर वली (कम्प्युटर अपरेटर) — सदस्य

निर्णय नं. १४

प्रदेश कानुन बमोजिम सञ्चार खर्च नपाउने नलगाड नगर कार्यपालिका सदस्यहरुलाई सञ्चार खर्च वापत मासिक रु. ५०० अक्षरुपी पाँचसयको दरले रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।